## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०३/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु माधव नारायण नगरपालिका को तत्कालीन नि. प्रमुख प्रशासकीय अधिकृत **प्रलव कायस्थ** समेत ४ जना मु.नं (०८२-CR-००१८) फैसला मिति २०८२/१२/१६ | गैरकानुनी लाभ हानी पुऱ्याउने बद्नियतले कार्य गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **माधव नारायण नगरपालिकाका तत्कालीन नि.प्रमुख प्रशासकीय अधिकृत प्रलब कायस्थ र लेखापाल रामबलम प्रसाद यादवलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा हुँदा बिगो रू.२,५७,९७०।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• **रौतहट एडभरटाइजिङ्ग एजेन्सी प्रा.लि. तथा उक्त कम्पनीका सञ्चालक/अध्यक्ष अजित कुमार कर्णलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई बिगो रु.२,५७,९७०।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु रौतहट एडभरटाइजिङ्ग एजेन्सी प्रा.लि. तथा उक्त कम्पनीका अध्यक्ष अजित कुमार कर्णलाई मुख्य कसूरदारसरह सजाय गरी बिगो असुल उपर हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी प्रलव कायस्थले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) को कसूर तथा प्रतिवादीहरु अजितकुमार कर्ण तथा रौतहट एडभरटाइजिङ एजेन्सी प्रा.लि.ले सोही दफा ८ को उपदफा (१) को (ङ) को कसूरको मतियार भई ऐ. ऐनको दफा २२ बमोजिमको कसूर गरेको ठहर्छ।<br>• हानीनोक्सानी गरेको जम्मा विगो रु.२,५७,९७०/- को दामासाहीले हुने जनही रु.८५,९९०/- कायम भई प्रतिवादी प्रलव कायस्थलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम र प्रतिवादीहरु अजितकुमार कर्ण र रौतहट एडभरटाइजिङ एजेन्सी प्रा.लि.लाई सोही ऐनको | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• माधव नारायण नगरपालिकाका तत्कालीन लेखापाल प्रतिवादी रामबलम प्रसाद यादव सूचना प्रकाशनको कुनै पनि प्रकृयामा संलग्न रहेको नदेखिएको।<br>• पत्रिकामा सूचना प्रकाशन भए पश्चात् सूचना अंकित पत्रिका र आफू कार्यरत सार्वजनिक संस्थाका प्रमुखको आदेशसहित प्राप्त भएको बिल अनुसार भुक्तानीका लागि भौचर उठाई भुक्तानी प्रकृया अघि बढाएको कार्यमा निज प्रतिवादी रामबलम प्रसाद यादवको अन्य प्रतिवादीहरुसँग मिलेमतो गरेको वा बद्नियत राखी रकम भुक्तानी दिएको तथा आफूले लाभ लिने वा हानी पुऱ्याउने वद्नियत तत्व अन्तरनिहीत रहेको नदेखिएको। | • जिल्ला रौतहट माधव नारायण नगरपालिका वडा नं. ३ श्री देवी माध्यमिक विद्यालय सखुअवामा भवन निर्माण कार्यको लागि बोलपत्र आह्वानको सूचना र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा प्रतिवादीहरुले मिलेमतोमा ठेक्काको फाइल अभिलेखमा राख्ने प्रयोजनार्थ मात्र एक प्रति प्रकाशित गरेको देखाई उक्त मिति २०७७।१०।०८ को बोलपत्र आह्वान र मिति २०७७।११।१३ को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना पेश गरी गराई रौतहट एडभरटाइजिङ्ग एजेन्सी प्रा.लि., गौर, रौतहटको बिजक नं. १४ र २२ बाट रू.२,५७,९७०।- (अक्षरेपि दुई लाख सन्ताउन्न हजार नौ सय सत्तरी) भुक्तानी दिए लिएको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा, विशेष अदालतबाट फैसला गर्दा, श्री देवी माध्यमिक विद्यालयको भवन निर्माणका लागि गठित ठेक्का मूल्याङ्कन समितिको बैठकबाट जुन राष्ट्रिय दैनिकमा बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने गरी निर्णय भएको हो, सो राष्ट्रिय दैनिकलाई सूचनाको व्यहोरा सहित पत्राचार नगरी राष्ट्रिय दैनिकको हैसियत नै प्राप्त नगरेको हस्तक्षेप दैनिक पत्रिकालाई पत्राचार गरिएको देखिन्छ भने प्रतिवादी मध्येका अजितकुमार कर्णले जुन एजेन्सीको प्रतिनिधित्व गरेका छन्, सो एजेन्सीको अस्तित्व सूचना प्रकाशनको मिति अर्थात् मिति २०७७।१०।०८ सम्म रहे भएको नदेखिई मिति २०७७।१०।११ मा मात्र उक्त एजेन्सी दर्ता भएको देखिएकाले प्रतिवादीहरुमध्येका माधव नारायण नगरपालिकाका तत्कालीन प्रशासकीय अधिकृत प्रलव कायस्थ र रौतहट एडभरटाईजिङ एजेन्सीका संस्थापक अजितकुमार कर्णले वदनियतपूर्वक कार्य गरेको र निजहरुका बिचको मिलेमतोमा सूचना प्रकाशन सम्बन्धी कसूरजन्य कार्य भए गरेको देखिएको भनी प्रतिवादीहरु प्रलब कायश्थले आरोप दावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) को कसूर तथा प्रतिवादीहरु अजितकुमार कर्ण तथा रौतहट एडभरटाइजिङ एजेन्सी प्रा.लि.ले सोही दफा ८ को उपदफा (१) को (ङ) को कसूरको मतियार भई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेको ठहर गरि हानीनोक्सानी गरेको जम्मा विगो रु.२,५७,९७०/- लाई दामासाही गरि हुने रु.८५,९९०/- लाई जनही विगो कायम गरि प्रतिवादी प्रलव कायस्थ र अजितकुमार कर्ण जनही रु.८५,९९०/- जरिवाना र जनही ३ महिना कैद हुने एवं रौतहट एडभरटाइजिङ एजेन्सी प्रा.लि. रु रु.८५,९९०/- जरिवाना हुने ठहर गरि फैसला भएको देखिदा यि प्रतिवादीहरुले दर्ता नै नभएको एडभरटाइजिङ्ग एजेन्सी प्रा.लि., गौर, रौतहटको नाममा बिजक नं. १४ र २२ बाट रू.२,५७,९७०।- (अक्षरेपि दुई लाख सन्ताउन्न हजार नौ सय सत्तरी) भुक्तानी गरि नोक्सानी पुर्याएको तथ्य स्थापित भई सके पछी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा(१) बमोजिम कसूरको मात्रा अनुसार कैद, विगो बमोजिम जरिवाना गरि विगो समेत असुल उपर गर्ने गरि फैसला गर्नु पर्नेमा प्रतिवादी प्रलव कायस्थ र अजितकुमार कर्ण कैद र जरिवाना मात्र गरि प्रतिवादी रौतहट एडभरटाईजिङ एजेन्सी प्रा.लि.को हकमा जरिवाना मात्र गरि विगो असुल उपर तर्फ केही उल्लेख नै नगरि भएको फैसला अपुर्ण (Incomplete Judgement ) भई त्रुटीपुर्ण देखिन्छ। यसै सन्दर्भमा मुद्दा नं. ०६७-CI-०४८४ मा सर्वोच्च अदालत संयुक्त इजलाशवाट **"न्यायिक निकायवाट मुद्दाको रोहमा फैसला गर्दा वादीले दावी लिएको सम्पुर्ण विषयमा दावी पुग्ने हो वा होईन भनि निर्णय नगरि बादीले दावी लिएका केही विषयमा मात्र निर्णय गरि फैसला गर्न मिल्दैन। बादीले दावी लिएको सम्पुर्ण विषयमा एकै पटक न्याय निरुपण गर्नु पर्दछ.........."** भनि प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा उक्त फैसला सो हद सम्म त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• तत्कालीन लेखापाल रामबलम प्रसाद यादवको हकमा हेर्दा निजले दस्तखत गरेको गो.भौ.नं.२४२, मिति २०७७।१२।११ र गो.भौ.नं.३३ मिति २०७८।०२।१३ गतेको भौचरहरुबाट रू.२,५७,९७०।- रौतहट एडभरटाइजिङ्ग एजेन्सी प्रा.लि.लाई भुक्तानी दिएको देखिन्छ। रौतहट एडभरटाइजिङ्ग एजेन्सी प्रा.लि. समेतले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा २२ को प्रतिवन्धात्मक वाक्यांश अनुरूप ऐ. दफा ८ को उपदफा (१) बमोजिम जनही रु.८५,९९०/- जरिवाना र प्रतिवादी प्रलव कायस्थ र अजितकुमार कर्णलाई जनही ३ महिना कैद हुने ठहर्छ।<br>• प्रतिवादी रामबलम प्रसाद यादवको हकमा हेर्दा, निजले सूचना प्रकाशित गर्ने र रकम भुक्तानी दिने कार्यमा अन्य प्रतिवादीहरुसँग मिलेमतो गरेको वा बद्नियत राखी रकम भुक्तानी दिएको भन्ने पुष्टि हुन नआएको हुँदा निजको हकमा लिइएको आरोपदावी पुष्टि हुन नसकी निजले आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ। | | सूचना विवरण लुकाउने उदेश्यले कलुषित भावनाबाट प्रेरित भई सार्वजनिक तवरमा वितरण प्रयोजनार्थ प्रकाशित नै नभएको पत्रिकालाई प्रकाशन भएको भनि भ्रममा पारी बदनियतपुर्ण तवरले झुट्टा पत्रिकाहरुमा पृष्ठ थप गरी सोही मितिका सक्कल पत्रिकाहरुभन्दा फरक पारी सोही नामको थप पृष्ठको पत्रिका साथै राखी उक्त झुट्टा बिल भरपाई लगायतको कागजातहरुको आधारमा लेखापाल यि प्रतिवादी रामबलम प्रसाद यादवले रू.२,५७,९७०।- गरेको र सो कार्य गर्दा एउटा राष्ट्रसेवकले पुर्याउनु पर्ने आवश्यक निगरानी र सजकता (Duty of care) नअपनाई अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ अन्तर्गतको कसूर गरेको तथ्य निर्विवादरुपमा पुष्टि भई रहेको अवस्था देखिदा देखिदै उक्त तथ्य एवं प्रमाण कागजातहरुलाई नजर अन्दाज गरि निज प्रतिवादी रामबलम प्रसाद यादवलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदर भागी छ। यसै सन्दर्भमा, नेकाप २०७८, पौष, नि.नं. १०७४८ नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल समेत भएको भ्रष्टाचार मुद्दामा **"मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो; त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ।कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने।अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने"** भनि सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त समेतको आधारमा प्रतिवादी रामबलम प्रसाद यादवको Actus Reus को आधारमा Mens Rea एकिन गरि आरोप दावि बमोजिम सजाय गर्नु पर्नेमा सोको विपरित प्रतिवादीलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको प्रस्तुत फैसला त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा अदालतबाट फैसला गर्दा बिगो रु.२,५७,९७०/- लाई ३ जना प्रतिवादीहरुमा दामासाही गरि जनही रु.८५,९९०/- दरले जरिबाना निज प्रतिवादीहरुवाट असूल गर्ने ठहर गरी विशेष अदालत काठमाण्डौवाट फैसला भई सकेको देखिँदा प्रस्तुत वारदातमा भ्रष्टाचारजन्य कसूरको वारदात (Corpus delicti of Corrupt act) स्थापित भइ सकेको अवस्था देखिन्छ।जहाँ सम्म अभियोग दाबी लिईएका ४ जना प्रतिवादीहरु मध्ये उपरोक्त तीन जना प्रतिवादीहरुको हकमा विगो दामासाही गरि सजाय गरेको विशेष अदालतको फैसलाको हकमा हेर्दा फौजदारी न्यायको सिद्धान्त अनुसार सजाय निर्धारण गर्दा अपराधको अभिभाज्यता Principle of Indivisibility of offence) अनुसार संयुक्त रुपमा गरिएको अपराधलाई टुक्रयाएर हेर्न नमिल्ने, पुरा अपराधलाई एकाई (Single unit) मानेर सजाय निर्धारण गर्नु पर्ने, Common Intention\ Conspiracy भएको मुद्दामा पुरा विगोको आधारमा हरेक प्रतिवादीहरुलाई कैद र जरिवाना गर्नु पर्ने, विगो भराउने (Recovery )को हकमा मात्र दामासाही गर्न मिल्ने "punishment is based on the indivisible nature of the offence, whereas restitution may be apportioned based on participation and benefit" को सिद्धान्त अनुसार प्रतिवादीहरु प्रलब कायश्थ, अजित कुमार कर्ण र रौतहट एडभरटाइजिङ्ग एजेन्सी रौतहटलाई हुने कैद र विगोको आधारमा हुने जरिवाना Gravity of offence, Culpability, Aggravating factor, personal Circumstance को आधारमा मागदावी गरिएको पुरै विगोको आधारमा जरिवाना गर्नु पर्नेमा विशेष अदालतवाट फैसला गर्दा दण्ड र क्षतिपुर्तिको सिद्धान्त (Distinction Between punishment and Restitution) को विश्लेषण नगरि, भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ मा उल्लेखित "विगो खुलेकामा प्रतिवादीहरुलाई विगो बमोजिम जरिवाना गरि विगो अशुल उपर गरिनेछ" भन्ने कानूनी व्यवस्था अनुसार जरिवानाको हकमा प्रत्येक प्रतिवादीलाई मागदाबी भएको पुरै विगो रु.२,५७,९७०/- को आधारमा जरिवाना गर्नु पर्नेमा सो नगरी ३ जना प्रतिवादीहरुलाई विगोको दामासाहीले गर्दा हुने रु.८५,९९०/- दरले जरिवाना हुने ठहर गरि भएको फैसला प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ मा उल्लेखित कानूनी व्यवस्था एवं फौजदारी न्यायको सिद्धान्त विपरित देखिदा त्रुटीपुर्ण हुँदा प्रस्तुत फैसला बदर गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पाउँ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु प्रशासकीय अधिकृत प्रलब कायश्थ, हस्तक्षेप रौतहट दैनिक पत्रिकाको प्रकाशक अजित कुमार कर्ण र रौतहट एडभरटाइजिङ्ग एजेन्सी रौतहटलाई विगोलाई दामासाही गरी जरिवाना गरेको तथा विगो असुल गर्ने तर्फ मौन रही भएको हदसम्म र लेखापाल प्रतिवादी रामबलम प्रसाद यादवलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले प्रस्तुत फैसला बदर गरी प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध छ। |